# बूढानीलकण्ठ नगरपालिका

## बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ४ सङ्ख्या : १ मिति : २०७८।०४।२७

भाग : २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ (१) र बूढानीलकण्ठ नगर सहकारी ऐन, २०७५ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिका नगर कार्यपालिको मिति २०७८।०४।२७ को बैठकले स्वीकृत गरी यो नियमावली लागु गरेको छ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस नियमावलीको नाम "बूढानीलकण्ठ नगरपालिका सहकारी नियमावली, २०७८" रहेको छ ।

२. यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "ऐन" भन्नाल "बुढानीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले संङघीय सरकारअर्न्तगतको मन्त्रालयलाई सम्झनुपर्छ

ग " प्रदेश मन्त्रालय " भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने बागमती प्रदेशको मन्त्रालय सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले "बुढानीलकण्ठ नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "नियमित बचत" भन्नाले सदस्यहरुले संस्थामा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक वा वार्षिक रुपमा जम्मा गर्ने बचत रकमलाई सम्झनुपर्दछ ।

(ङ) "व्यवस्थापक" भन्नाले सहकारी संस्था वा संघको व्यवस्थापक सम्झनुपर्दछ र सो शब्दले महाप्रबन्धक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी प्रमुख समेतलाई जनाउनेछ ।

(च) "संस्थागत पूँजी" भन्नाले संस्था वा संघको जगेडा कोष तथा अन्य अविभाज्य रहने कोषको योगफललाई जनाउनेछ ।

(छ) "सूचना अधिकारी" भन्नाले सहकारी संस्था वा संघले कार्यालयको आधिकारिक सूचना संप्रेषण गर्न नियुक्त गरेको कर्मचारीलाई जनाउनेछ ।

(ज) "कार्यान्वयन अधिकारी" भन्नाले सहकारी विभागले जारी गरेको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, संघिय सहकारी ऐन २०७४ बमोजिम सहकारी संस्था वा संघले नियुक्त गर्ने कर्मचारीलाई जनाउनेछ ।

(झ) "संगठित संस्था" भन्नाले नेपाल सरकार मातहत संघ, प्रदेश तथा स्थानीय तहमा संचालित सरकारी कार्यालयलाई सम्झनुपर्दछ ।

(ञ) **"कार्यक्षेत्र"** भन्नाले सहकारी संघ वा संस्थाको सदस्यता बिस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(ट) **"व्यवस्थापन समिति"** भन्नाले दफा ५१ (२) बमोजिम गठन भएको व्यवस्थापन समिति भन्ने बुझ्नु पर्दछ ।

(ठ) **"संस्था"** भन्नाले बिषयगत/व्यवसायिक आधारमा सहकारी मुल्य र मान्यताका अधिनमा रही शेयर सदस्यहरुको आर्थिक हित गर्न तोकिएको शर्त पालना गर्ने गरी स्वीकृति लिई खडा भएको भन्ने बुझ्नुपर्दछ ।

ड) **"संघ"** भन्नाले बिषयगत/व्यवसायिक सहकारीहरु मिलि कानूनले तोके बमोजिम गठन भएका सहकारी संघ भन्ने बुझ्नुपर्दछ ।

(ढ) **"समिति सदस्य"** भन्नाले दफा ५१ (२) बमोजिम गठन भएको समितिको सदस्य भन्ने सम्झनु पर्दछ । सो शब्दले अध्यक्ष समेतलाई बुझाउँछ ।

(ण) **"समस्याग्रस्त"** भन्नाले ऐनको दफा- .७७. बमोजिम नगरपालिकाले घोषणा गरेको समस्याग्रस्त सहकारी भन्ने बुझ्नु पर्दछ ।

(त) **"समस्याग्रस्त सहकारी व्यवस्थापन समिति"** भन्नाले ऐनको दफा..७८.. बमोजिम नगरकार्यपालिकाले गठन गरेको समिति भन्ने बुझ्नु पर्दछ ।

**(थ) "सम्पत्ति"** भन्नाले संस्थाको शेयर रकम, अन्य चल, अचल सम्पति, भौतिक सम्पत्ति, ऋणिले जेथा राखेको मध्ये ऋणको साँवा र ब्याजले खाम्ने तथा संचालक समितिका सदस्यहरु वा निजका आफन्त वा अन्य व्यक्तिकोमा लुकाई राखिएको सहकारीको कारोवार सँग जोडिन आउने सम्पत्ति समेत

क. कम्तिमा जिल्ला अदालतको न्यायाधीश भईसकेको वा नेपाल सरकार न्याय सेवामा प्रथम श्रेणीको अधिकृत भई काम गरेको व्यक्तिहरु वा बरिष्ठ अधिवक्ता वा अधिवक्ता भई १५ वर्षसम्म निरन्तर कानून व्यवसायमा काम गरेको व्यक्ति मध्येबाट नगर कार्यपालिकाले नियुक्त गरेको ब्यक्ति, अध्यक्ष- १

ख. कम्तिमा निजामती सेवामा द्धितिय श्रेणीको अधिकृत वा सो सरह काम गरी अवकाश प्राप्त ब्यक्ति, सदस्य- १

ग.कानुन्विद, सदस्य- १

घ. नेपाल चार्टड एकाउण्टेन्ट संस्थाबाट “ख” श्रेणीको ईजाजत प्राप्त लेखापरीक्षक मध्येबाट नगरपालिकाले तोकेको व्यक्ति सदस्य- १

ङ सहकारी विज्ञ मध्ये नगरपालिकाले तोकेको सदस्य- १

च. न.पा/जिल्ला विषयगत सहकारी संघले तोकेको प्रतिनिधी सदस्य- १

छ. नगरपालिकाले तोकेको कर्मचारी सदस्य सचिव- १

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधी नियूक्तीको मितिले ६ महिनाको हुनेछ । आवश्यक्ता अनुसार कार्यपालिकाले समितिको पदावधि थप गर्न सक्नेछ ।

(४) उपदफा (३) मा जुन सुकै कुरा लेखिएको भएता पनि समितिको अध्यक्ष र सदस्यको कार्य सम्पादन सन्तोषजनक नभएमा नगर कार्यालिकाले जुनसुकै वखत हटाउन सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा कार्यपालिकाले उपदफा (२) को अधिनमा रहि पुर्ति गर्नेछ ।

(६) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) कार्यपालिकाले कार्यबोझका आधारमा समितिका सदस्यलाई पूर्णकालिन वा आंशिक काम गर्ने गरी जिम्मेवारी तोक्न सक्नेछ ।

(८) व्यवस्थापन समितिलाई आवश्यक पर्ने अन्य प्राविधिक/प्रशासनिक कर्मचारी नगरपालिकाले व्यवस्था गर्न सक्नेछ ।

५२ **व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार:**

(१) व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) सहकारी संस्थाको साधारण सभा संचालक समिति, लेखा सुपरिवेक्षण समितिले ऐन र सो ऐन अर्न्तगत बनेको नियमावली वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने ।

ख) सहकारी सस्थाका सदस्य संग सम्बन्धीत सदस्य र निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्थासंग सम्बन्धीत संघ, संस्था, कार्यालय वा कम्पनीका कर्मचारी, सम्बद्ध तथ्यका जानकारी भएका वा मिलेमतोबाट कारोवार गरिरहेका अन्य व्यक्ति वा संस्था, पूर्व संचालकहरुलाई, व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, वयान लिने, आवश्यक कागजपत्र पेश गर्न लगाउने ।

ग) सहकारी संस्थाको सम्पत्ति तथा दायित्वको एकिन विवरण र तथ्याङ्क संकलन गरि अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याँकन गर्ने ।

घ) सहकारी संस्थाको सम्पत्ति जिम्मा लिने ।

ङ) सहकारी संस्थाको काम कार्यवाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने ।

च) सहकारी संस्थाले असुल उपर गर्नुपर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम यस ऐन अर्न्तगत बनेको व्यवस्थापन समितिले नियम तथा विनियम बमोजिमको प्रक्रिया अवलम्बन गरि असुर उपर गर्ने ।

छ) सहकारी संस्था अर्न्तगत रहेको धितो सम्पत्ति प्रचलित ऐन नियम विनियम बमोजिम लिलाम विक्रि गर्ने ।

ज) संस्थाको सम्पत्ति विक्री गर्ने, उपयोग गर्ने र व्यवस्थापन गर्ने ।

झ) संस्थाका शेयर सदस्य तथा बचत कर्ताको बचत, शेयर रकम, ऋण प्रवाह रकम र धितो सम्बन्धी अभिलेख तयार पार्ने ।

ञ) सदस्यको शेयर रकम तथा बचतकर्ताको बचत रकम भुक्तानी गर्ने र ऋणको जेथासँग फर-फारक गर्ने ।

ट) संस्थाको सम्पत्ति तथा दायित्व (ऋण) भुक्तानी गर्नको लागि ऐन वा सो ऐन बमोजिम बनेका नियम विनियम बमोजिम लिक्वीडेटरलाई भएको सवै अधिकार प्रयोग गर्ने ।

ठ) सहकारी संस्थाको संचालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पुरै वा आंशिक रुपमा कुनै कम्पनी, संस्था वा कारोवार वा व्यवशायमा प्रयोग गरेको पाइएमा वा कसैको नाममा हस्तान्तरण गरेको देखिएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाइएको सम्पत्ति कव्जामा लिने र सो सम्पत्ति मध्येबाट बचतकर्ताको भरि भराउ गर्न लिलाम विक्रि वा असुल उपर सम्बन्धी आवश्यक कार्यवाही गर्ने ।

ड) समस्याग्रस्त संघ/संस्थाको तर्फबाट समितिले गरेको काम कारवाहीको बिषयमा कुनै अदालत वा अर्ध न्यायिक निकायमा मुद्दा वा बिवाद परेमा महान्यायाधिवक्ताको कार्यालयबाट गर्ने गरी प्रतिरक्षा समेत गर्ने ।

ढ) सहकारी संस्थाको संचालक, कर्मचारी वा निजका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्थाको चल अचल सम्पत्ति संस्थाको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कव्जामा लिई त्यस्तो सम्पत्ति प्रचलित कानुन बमोजिम लिलाम विक्रि गरी बचतकर्तालाई फिर्ता दिलाउने कार्य गर्ने ।

ण) सहकारी संस्थाको संचालक, कर्मचारी वा तिनको परिवारका नामबाट संस्था बन्द हुनु भन्दा १ वर्षअघि स्वामित्व परिवर्तन गरि अन्यत्र दिइएको वा गएको सम्पत्ति समेत छानविन गरि लिलाम विक्री गरी बचतकर्ताको रकम फिर्ता दिने ।

त) समस्याग्रस्त संस्थाको सम्पत्ति/दायित्व यकिन नभएको अवस्था भएमा व्यवस्थापन समितिले सार्वजनिक सूचना गरेको समायवधि भित्र आफ्नो प्रमाण सहित दावी गरेको बचत रकम र श्रेष्ताबाट प्रमाणित भएको भिडाई बचत रकम यकिन गर्ने ।

थ) संस्थाको तर्फबाट प्रदान गरिएको ऋण श्रेस्ता सम्बन्धि भएको विवरण यकिन गर्न सार्वजनिक सूचना प्रकाशित गर्न, ऋणीहरुको विवरण सम्बन्धी जिकीर यकिन गर्न, ऋण असुली सम्बन्धी कार्य गर्ने र ऋण नबुझाउने ऋणीहरुको नाम कालो सूचीमा सार्वजनिक गर्ने ।

द) असुल उपर भएको रकमबाट नियमानुसार बचत रकम वितरण गर्ने ।

ध) समितिको प्रगति प्रतिवेदन हरेक महिना नगरपालिकामा पेश गर्नुपर्ने ।

५३. **सहजीकरण कार्यदल तथा सदस्यहरु तोक्न सक्ने:**

(१) सम्बन्धित सहकारी संघ/संस्थाका सदस्यहरुको तर्फबाट व्यवस्थापन समितिसँग आवश्यक समन्वय तथा सूचना आदानप्रदान गर्न

आवश्यक संख्यामा सहजीकरण कार्यदल गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त सहजीकरण कार्यदलले शेयर सदस्यहरुबीच छलफल तथा समन्वय गरी सहमतिका बुँदाको बिवरण समितिलाई उपलब्ध गराउने कर्तब्य हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त कार्यदलका सदस्यहरुको समयावधि र सेवाशर्त व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

## ५४ लगत तयार गर्नेः-

यस नियमावलीको दफा .............. को प्रयोजनको लागि व्यवस्थापन समितिले देहाय बमोजिमको लगत तयार गर्नेछ।

क) संस्थाका सदस्य, बचतकर्ता, ऋणी वा संस्थाले भुक्तानी दिनुपर्ने व्यक्ति वा संस्थाहरुको नाम नामेशीको,

ख) संस्थाको नाममा रहेको वा लगानी गरेको अपार्टमेन्ट लगायतका अचल सम्पत्तीको

ग) संस्थाको संचालक समितिको सदस्य, कर्मचारी वा निजको परिवारको वा नाता सम्बन्ध भएको व्यक्तिका नाममा बैंक वा वित्तिय संस्थाको खातामा रहेका नगद सुन चाँदी तथा शेयर लगानीको,

घ) संस्थाले ऋण प्राप्त गर्नका लागि धितोमा राखेका जग्गा र जमिन र भवनको

ङ) संस्थाको स्वदेश तथा विदेश का जुनसुकै स्थानमा रहेका चल अचल सम्पत्तिको

## ५५. दायित्व भुक्तानी गर्ने सम्बन्धी व्यवस्थाः

(१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको दायित्व भुक्तानी गर्नका लागि देहायको प्राथमिकता कायम गर्नुपर्ने छ :-

क. वचत गर्दाका बखत निर्धारित शर्त बमोजिम सदस्यलाई बचत भुक्तानी

ख. त्यस्तो संस्थाको जायजेथा वा दफा ५ बमोजिमको सम्पत्ति सरकारी बाँकी बक्यौता वा कुनै हकदावी भएमा त्यस्तो बाँकी बक्यौता वा हक दावीको रकम

ग. समस्याग्रस्त संघ/संस्थालाई अपार्टमेन्ट वा जग्गाको लागि अग्रीम रुपमा रकम बुझाउने व्यक्तिहरुको रकम

घ. नेपाल सरकारलाई बुझाउनुपर्ने करको रकम

ङ. नेपाल सरकारको सेवा प्रदायक संस्थाको सेवा बापतको रकम

च. अदालतबाट दण्ड जरिवानाको रकम

छ. संस्थाका साहुहरुलाई रकम भुक्तानी

ज. संघ/संस्थामा सेवारत कर्मचारीको पारिश्रमिक

झ. शेयर सदस्यको शेयरको रकम

ञ. लाभांश नबाँडिएको समय जतिको हकमा लाभांश बितरण गर्न

(२) दफा (१) बमोजिम समस्याग्रस्त संस्थाको सम्पूर्ण दायित्व भुक्तानी गर्नको लागि त्यस्तो संस्थाको सम्पत्तिले नखामेमा व्यवस्थापन समितिले सदस्यको बचत फिर्ता तथा अन्य दायित्व भुक्तानी गर्दा दामाशाहीको दरले गर्न सक्नेछ। यसरी सदस्यको वचत फिर्ता गर्दा ब्यवस्थापन समितिले तोकेकालाई प्राथमिकता दिनुपर्नेछ।

(३) यसरी दायित्व भुक्तानी गरी वचत हुन आउने रकम नगरपालिकाको हुनेछ। सो रकम नगरपालिकामा दाखिल गर्नुपर्नेछ।

## ५६. अधिकार सुम्पिन सक्नेः-

समस्याग्रस्त संस्थाको सम्पति व्यवस्थापन गर्दा ब्यवस्थापन समितिले आफुलाई प्राप्त अधिकार व्यवस्थापन समितिका अध्यक्ष, सदस्य वा सदस्य सचिवले प्रयोग गर्न पाउने गरी सुम्पन सक्ने छ।

## ५७. संस्थाको सम्पतिबाट व्यहोरिने :-

(१) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने खर्च त्यस्तो संस्थाको सम्पतिबाट ब्यहोरिने छ। तर तत्काल ब्यहोर्न नसकिने भएमा सो प्रयोजनको लागि नगरपालिकाले आफ्नो कोषबाट रकम उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको खर्च, बचत तथा ऋण बिषयगत केन्द्रिय सहकारी संघबाट माग गरी नगरपालिकालाई सोधभर्ना दिईनेछ।

## ५८. अधिकार स्वतः निलम्बन हुनेः-

(१) यस कार्यविधी बमोजिम व्यवस्थापन समिति गठन भएको मिति देखि समस्याग्रस्त संस्थाको संचालक समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार व्यवस्थापन समिति प्रारम्भ भएको मिति देखि स्वतः निलम्वन हुनेछ।

(२) दफा (१) मा जुनसुकै कुरा भएता पनि समस्याग्रस्त संस्थाको सम्पति ब्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्थाको संचालक समिति सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काममा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले काममा खटाएकोमा सो बमोजिम जिम्मेवारी पुरा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम खटाएको व्यवस्थापक कर्मचारीले कार्य गर्न नसक्ने भनी मुक्त हुन चाहेमा आवश्यकता एवं औचित्य हेरी निर्णय लिन सकिनेछ ।

## ५९ **दावी पेश गर्न सूचना दिनुपर्ने:-**

(१) देहाय बमोजिमको आधारमा सूचना प्रकाशन गर्नुपर्ने :-
संस्थाको व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि संस्थाका सदस्य, वचतकर्ता तथा साहुहरुलाई आफुले पाउनु पर्ने रकमको स-प्रमाण दावी पेश गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा १५ दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) समस्याग्रस्त संस्थाबाट विभिन्न शिर्षक अन्तर्गत ऋण कर्जा लिएका तर भुक्तानी गरेको प्रमाण नभएका स्रेस्ता विवरण अनुसार ऋणी देखिएकाहरुलाई कर्जा भुक्तानीको लागि निश्चित समायावधि तोकी राष्ट्रिय दैनिक पत्रिका, नगरपालिकाको वेव साईट र सामाजिक संजालमा सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

## ६०. **लेखा परीक्षण प्रतिवेदन तयार गर्नुपर्ने :-**

(१) **लेखा तयार गर्न पर्ने समय सीमा :-** व्यवस्थापन समितिले कार्यगरेको ६ महिनाभित्र त्यस्तो समस्याग्रस्त संस्थाको लेखा परीक्षण गरी सोको प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेछ ।

(२) **लेखा परीक्षक तोक्ने :** समस्याग्रस्त सहकारी संस्थाको लेखापरीक्षण गर्न समितिले आवश्यक विवरण तयार गरी १ महिना भित्रको म्याद दिई ईजाजत प्राप्त लेखा परीक्षक नियुक्त गर्नुपर्नेछ ।

(३) **निर्णय लिन सक्ने:** उपदफा (२) बमोजिम समस्याग्रस्त सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदनको आधारमा बिश्लेषण गरी बिघटनमा लैजाने वा पुनःसंचालनका लागि उपचारात्मक कार्य गर्ने भनी समितिले निर्णय लिन सक्नेछ ।

## ६१ **उपचारात्मक कार्य गर्न सक्ने:-**

व्यवस्थापन समिति संचालन ऐन बमोजिम भएको लेखा परिक्षण प्रतिवेदनको आधारमा समस्याग्रस्त संस्था संचालन हुन सक्छ वा सक्दैन भनी विश्लेषण गरी उपयुक्त लागेमा तपशिल अनुसार उपचार कार्य गर्न सक्नेछ :-

क. समितिलाई पुनः संस्थाको काम कारोबार संचालन गर्न आदेश दिन सक्ने ।

ख. संस्थाका शेयर सदस्यहरु मध्येबाट अन्तरिम संचालक समितिको गठन गरी जिम्मा व्यवस्थापन वा काम कारोबार संचालन गर्न लगाउने ।

ग. सम्बन्धित समिति विघटन गरी संस्थाको साधारण सभा मार्फत नयाँ समिति गठन गर्ने वा गर्न लगाउने र कारोबार संचालन गर्ने गराउने ।

घ. सम्बन्धित संस्थाको सदस्य रहेको विषयगत सहकारी संघले समस्याग्रस्त संस्थाको पुन संचालनको विश्वासयोग्य कार्ययोजना पेश गरी पुनःसञ्चालन जिम्मेवारी लिन चाहेमा तोकिए बमोजिमको शर्त बन्देज सहित त्यस्तो जिम्मेवारी दिने ।

ङ. व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य सुधारात्मक र उपचारात्मक विधिद्धारा वचत कर्ताहरुको रकम फिर्ता गर्ने/गराउने उपाय अवलम्बन गर्ने ।

## ६२. **व्यवस्थापन समितिले लेखि पठाउन सक्ने:**

(१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पती व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने शिलशिलामा देहायको कार्य गर्न व्यवस्थित निकाय समक्ष लेखि पठाउन सक्नेछ ।

क. समितिको सदस्य, व्यवस्थापक वा कर्मचारी वा निजका परिवारको सदस्य वा संस्थाको कुनै बैंक वा वित्तिय संस्थामा भएको आर्थिक कारोबार वा खाता वा अन्य चल अचल सम्पती रोक्का राख्न ।

ख. समितिको सदस्य व्यवस्थापक वा कर्मचारीलाई राहदानी जारी नगर्ने वा जारी भैसकेको भए सो राहदानी रोक्का राख्न ।

ग. समस्याग्रस्त संस्थाको ऋण लिएर नतिर्ने सदस्य वा व्यक्तिको नाम कालो सूचीमा समावेश गर्न ।

(२) उपदफा (१) बमोजिम लेखि आएमा सम्बन्धित निकायले सो बमोजिम गरी गराई सोको जानकारी व्यवस्थापन समितिलाई दिनुपर्नेछ ।

## ६३. **सिफारिस गर्न सक्ने:**

(१) समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कारबाहीमा सहयोग नगर्ने वा त्यस्तो काम कारबाहीमा अवरोध गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागिय कारबाही वा अन्य आवश्यक कारबाही गर्ने व्यवस्थापन समितिले सम्बन्धित निकाय समक्ष सिफारिस गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएमा अख्तियारवालाले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानुनको अधिनमा रही विभागिय वा अन्य आवश्यक कारबाही गर्नुपर्नेछ ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पती व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी काम कारबाही गर्दा बूढानीलकण्ठ नगरपालिका सहकारी ऐनको दफा ७९ बमोजिम कसुर गरेको विश्वास गर्नुपर्ने मनाशिव आधार देखिएमा यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न अधिकार प्राप्त निकाय समक्ष लेखि पठाउने छ ।

६४. **प्रतिवेदन पेश गर्नुपर्नेः**

व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको एक महिना भित्र देहायका काम कारबाहीको विवरण खुलाई प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ :-

क. सदस्यको वचत रकम भुक्तानी
ख. शेयर रकम भुक्तानी
ग. भुक्तानी भएका अन्य दायित्व
घ. बाँकी रहेको सम्पति तथा दायित्व सम्बन्धी विस्तृत विवरण
ङ. समस्या समाधानका शिलसिलामा भएका काम कारवाही, निर्णय पुस्तिका
च. संस्था संचालनमा नगरपालिकाले अवलम्बन गर्नुपर्ने नीति सम्बन्धी सुझाव
छ. व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य सुझाव/विवरण

६५ **व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यको सेवा शर्तः**

(१) व्यवस्थापन समितिका पदाधिकारीहरुको परिश्रमिक र सुविधा नगरपालिकाले तोकेअनुसार हुनेछ ।

(२) व्यवस्थापन समिति अध्यक्ष वा सदस्यले आफ्नो पदिय कर्तव्य पालनाको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना कुनैपनि अनाधिकृत व्यक्तिलाई दिनुहुँदैन ।

६६. **सहयोग माग गर्न सक्नेः-**

(१) व्यवस्थापन समितिले आफ्नो काम कर्तव्य र अधिकार प्रयोग गर्दा आवश्यक्ता अनुशार अन्य निकायको सहयोग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन समितिले माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धीत सवैको कर्तव्य हुनेछ ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन गर्दा वा दायित्व भुक्तानी गर्दा सम्बन्धीत निकायहरुसंग समन्वय गरी आफ्नो काम कार्यवाही अगाडी बढाउन सक्नेछ ।

६७. **जमानत दिने व्यक्तिको दायित्वः-**

जमानत दिने व्यक्तिहरुको दायित्व देहाय बमोजिम हुनेछ :-

(१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हद सम्म मात्र सिमित रहनेछ ।

(२) उपदफा (१) बमोजिम प्रचलित कानुनको अधीनमा रही जमानत बापतको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुलउपर गर्न सकिनेछ ।

६८ **सहमति लिनु पर्ने :-**

कुनै पनि सहकारी संघ/संस्थाले नेपाल सरकार/प्रदेश/स्थानीय सरकार, निकाय, बैंक/बित्तिय संस्था वा दातृ निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग वा जेथा रहेको भए बिघटन गर्नु अघि समितिले सम्बन्धित निकायको पूर्व स्वीकृति लिनुपर्नेछ ।

६९ स**हमतिमा समाधान वा सहजकर्ताको भुमिका निर्वाह गर्न सकिने :**

संघ/संस्थाका सरोकार भएका पक्षहरुबीच आपसी सहमतिमा समाधान वा तेश्रो पक्षको हैसियतमा सहजकर्ताको भुमिका निर्वाह देहाय अनुसार गर्न सकिनेछ :

(१) कुनैपनि सहकारी संस्थाका शेयर सदस्य, ऋणी वा बचतकर्ताको दायित्व फर-फारक गर्ने सिलसिलामा समस्या आइपरेमा समिति निजहरुबीच आपसी समझदारी गरी मेलमिलाप गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम समस्याग्रस्त संस्थाका सञ्चालक, बचतकर्ता, शेयरधनी, ऋणी वा कर्मचारी उपर नेपालका अड्डा अदालतमा कुनै मुद्दा दर्ता भई बिचाराधीन रहेको अवस्था रहेछ र त्यस्तो मुद्दा मेलमिलाप हुने प्रकृतिको रहेछ भने प्रचलित नेपाल कानूनको अधीनमा रही मेलमिलाप गर्न गराउन समितिले सहजकर्ताको भुमिका निर्वाह गर्न सक्नेछ ।

७०. **सेवा दस्तुर लाग्नेः**

कुनैपनि सहकारी संघ/संस्था बिघटन वा पुन संचालनमा ल्याउनु परेमा देहाय बमोजिम सेवाशुल्क लाग्नेछ :

क. कुनै संघ/संस्था बिघटन गर्नुपर्दा शेयर सदस्य, शेयर रकम वा बचतकर्ताको बचत रकम वा ऋणीको जेथा फर-फारक फिर्ता गर्दा त्यस्तो रकमको १.५० प्रतिशत

ख. खण्ड (क) बमोजिम बिघटन गर्न नपरी पुनःसंचालनमा ल्याउनु पर्दा दफा १४ को उपदफा १ को खण्ड (घ) को

अधिनमा रही वार्षिक कारोबार गरेको अंकको १.०० प्रतिशत

ग. स्थीरीकरण कोषबाट रकम प्राप्त गर्न अनुरोध गरी पठाउनु पर्नेछ ।

७१. **निर्णय पुस्तिका सम्बन्धी व्यवस्था :**

(१) व्यवस्थापन समितिले आफ्ना निर्णयहरु निर्णय पुस्तिकामा लिपिवद्ध गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय पुस्तिकामा समितिको कामकारवाहीको सिलसिलामा भए/गरेका आदेश, सम्पत्ति व्यवस्थापन एवं दायित्व भुक्तान, ऋणीको साँवा र ब्याज, सो को जेथा सम्बन्धी कारवाही एवं सम्बन्धित बिवरण देखिने गरी लिपिवद्ध गर्नुपर्नेछ । यस्तो अभिलेखमा समितिका अध्यक्ष लगायत सदस्यहरुले दस्तखत गर्नुपर्नेछ ।

तर त्यस्तो निर्णय उपर सहमत हुन नसक्ने सदस्यले फरक मत राख्न पाउने छ ।

७२. **विशेषज्ञ सेवा लिनसक्नेः-**

(१) व्यवस्थापन समितिले आवश्यक्ता अनुशार सम्बन्धीत विषयको प्राविधिक वा विशेषज्ञबाट सेवा लिन सक्नेछन् ।

(२) प्राविधिक वा विशेषज्ञ सेवा लिए बापत व्यवस्थापन समितिले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिमको प्रक्रिया पुरा गरी पारिश्रमीक तथा सुविधा प्रदान गर्नसक्नेछ ।

७३. **जनशक्ति तथा भौतिक सामाग्री व्यवस्थापन :**

व्यवस्थापन समितिको लागी आवश्यक पर्ने जनशक्ति तथा भौतिक स्रोत साधन नगरपालिकाले व्यवस्थापन गर्नेछ ।

७४. **समितिको प्याड र निशान छाप :**

(१) समस्याग्रस्त सहकारी संघ/संस्थाको गठित व्यवस्थापन समितिको छुट्टै कार्यालय रहनेछ ।

(२) समितिको कार्य संचालनका लागि छुट्टै प्याड र छाप रहने छ ।

७५. **सपथ लिनु पर्ने :-**

(१) समस्याग्रस्त सहकारी संघ/संस्थाको कारोबारको व्यवस्थापन गर्न नगर कार्यपालिकाबाट नियुक्त अध्यक्ष तथा सदस्यहरुले सपथ लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सपथ लिएका दिन देखि कार्यकाल प्रारम्भ भएको मानिने छ ।

७६. **नियमावलीको व्याख्या र शंसोधन :**

यो नियमावलीको शंसोधन वा परिमार्जन गर्नुपर्ने भएमा वा यो नियमावली कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा सहकारी शाखाको सिफारिसमा कार्यपालिकाले परिमार्जन गर्न वा वाधा अड्काउ फुकाउन सक्ने छ ।

**७७. प्रचलित कानुन बमोजिम हुने :-**

यस नियमावलीमा उल्लेखित भएका बिषयमा सोही बमोजिम र उल्लेख नभएका बिषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७८. खारेजी र बचाउ** : (१) देहायको नियमावली खारेज गरिएको छ :-

(क) बूढानीलकण्ठ नगरपालिकाको सहकारी नियमावली,२०७७ ।

(२) उपदफा (१) मा उल्लिखित नियमावलीबमोजिम भए गरेका काम कारबाही यसै नियमावलीबमोजिम भए गरेको मानिनेछ ।

